फोन नं : ०९१-५२५२२०
फ्याक्स नं :०९१-५२७१६८
वेवसाइट:mosd.p7.gov.np
ईमेल:mosdkailali07@gmail.co
Mosdeducation077@gmail.co

**प्रदेश सरकार**
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली।

प.स०७५।०७६
च.न १९०६

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

मिति: २०७६।०१।०३

**विषय: प्रदेश पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा।**

**श्री शिक्षा विकास तथा समन्वय ईकाइ**
**अछाम, बाजुरा, बझाङ, डोटी, कैलाली, कंचनपुर, डडेल्धुरा, बैतडी, दार्चुला।**

प्रस्तुत विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालय धनगढी कैलालीको प.स. २०७५।०७६ च.न. ५५८ मिति २०७५।१२।१५ को जानकारी पत्र तथा प.स. ०७५।०७६ च.न. ५३१ मिति २०७५।१२।०४ को पत्रसाथ संलग्न प्रदेश पूर्वाधार विकास कार्यक्रमको प्रदेश निर्वाचन क्षेत्रगतका यस मन्त्रालयको विषय क्षेत्र अन्तर्गत पर्ने कार्यक्रमको कार्यान्वयनका लागि प्राप्त जिल्लागत कार्यक्रम/योजना सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाइलाई अख्तियारी पठाउने भनी मुख्यमन्त्री कार्यालयको प.स. ०७५।०७६ च.न. १३७५ मिति २०७५।१२।२७ को पत्रानुसार र यस मन्त्रालयको मिति २०७६।०१।०३ गते (मा. मन्त्रीस्तर)को निर्णयानुसार अनुरोध छ। साथै कार्यक्रम कार्यान्वयन गर्दा तपशिल बमोजिम गर्न गराउन हुन समेत अनुरोध छ।

तपशिल:

१) कार्यक्रम २०७६ असार मसान्त भित्र अनिवार्य सम्पन्न गर्ने प्रतिवद्धता गराई सम्बन्धित सेवाग्राही पक्षसँग सम्झौता गर्ने।
२) योजना तथा कार्यक्रम सम्बन्धि अस्पष्टता भएमा यस मन्त्रालय वा पुर्वाधार विकास छनौट तथा अनुगमन समितिसँग सम्पर्क गर्ने।
३) योजना तथा कार्यक्रमको सम्झौता फाराम व्यवस्था र अभिलेख सहितका सम्पूर्ण प्रशासनिक कार्य गर्ने।
४) उपभोक्ता समिति गठन गर्दा स्थानिय तह/वडा कार्यालयको सिफारिस, निर्माण कार्य भए जग्गाको लालपुर्जा वा भोगाधिकार रहेको स्थानीय तहको सिफारिस समेत माग गर्नुपर्ने छ। विद्यालय क्याम्पस वाहेक उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि र गठन गरिएको भेलाको निर्णय प्रतिलिपि माग गर्ने।
५) शिक्षण संघ संस्थाको हकमा विद्यालय व्यवस्थापन समितिलाई नै सम्झौताका लागि आधिकारिकता दिने। छुट्टै उपभोक्ता समिति गठन नगर्ने।
६) योजनामा परेका संघ संस्थालाई ७ दिनको सूचना गरी छिटोभन्दा छिटो सम्झौताका लागि सूचना प्रवाह गर्ने। सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्य प्रदेश पुर्वाधार विकास छनौट तथा अनुगमन समितिलाई समेत समन्वय गर्ने।
७) कार्य सम्पन्न भएको व्यहोरा खुलेका कागजात प्राप्त भएपछि जाचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएको कामको सम्बन्धमा बजेट अनुसार काम भए/ नभएको सहित प्रतिवेदन लिई उक्त कामको प्रचलित कानून बमोजिम फरफारक हुने गरी कार्य गर्ने। कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन निरीक्षण समय/ समयमा गर्ने।
८) सार्वजनिक/सामाजिक परीक्षण अनिवार्य गराउने/प्रतिवेदन लिई सार्वजनिक परिक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी नहुने कुरा सुनिश्चित गर्ने।
९) प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धि सम्पूर्ण कार्यको लेखा तथा लेखापरिक्षण जिम्मेवारी तहाँ इकाईको हुनेछ।
१०) प्राप्त कार्यक्रमको कार्यान्वयन सार्वजनिक खरिद ऐन, २०६३ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ तथा प्रचलित कानून अनुसार गर्नुपर्ने छ।
११) भवन निर्माणको कार्यक्रमका सम्बन्धमा भवन आचार संहित २०६४ एवं भवन निर्माण निर्देशिका छैठौं संशोधन २०६६ (संशोधन सहित) बमोजिम र स्थानिय पालिकाको भवन निर्माण मापदण्डको पालना गर्ने गरी पालिकाबाट निर्मित डिजाईन ड्रईङ्गका साथै अनुमति समेत लिई सम्झौता गर्न आउने व्यवस्था गर्ने गराउने।
१२) विनियोजित वजेटको सिमाभित्र रही संचालन हुनेगरी ड्रईङ्ग डिजाइन स्वीकृत गराउनु पर्नेछ र प्रचलित कानून बमोजिमको प्रकृया पुरागरी सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्नुपर्नेछ।
१३) तोकिएको निर्माण कार्य बाहेक अन्य शिर्षकमा खर्च गर्न पाइने छैन। जस्तै भवन निर्माणको बजेट खेलमैदान र घेरापर्खालमा खर्च नगर्ने।
१४) सीप विकास तालिमको हकमा घरेलु तथा साना उद्योग विकास समितिसँग समन्वय गरी गर्न सकिनेछ। अन्य संघ संस्थावाट तालिम संचालन गर्नु पर्ने अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ र प्रचलित नियमानुसार गर्ने।

...................................
ई. गोगन वहादुर हमाल
प्रदेश सचिव
प्रदेश सचिव

**बोधार्थ:**
शिक्षा विकास निर्देशनालय सुदूरपश्चिमप्रदेश दिपायल: समन्वय तथा सहजिकरण गर्न हुन।